# गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन सम्वन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७३

*(वन विभागवाट मिति २०७३/५/२० मा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ को दफा ४.२६ र ४.२७ संग सम्वन्धित )*

## १. पृष्ठभूमी

हाल नेपालमा वन पैदावारमा आधारित २,१४० वटा साना उद्योग संचालनमा रहेका छन । स्थानीय सहकारी, निजी क्षेत्र तथा समुदायको सहकार्य तथा साझेदारीमा उद्यम विस्तार तथा सुदृढिकरण हुन सकेमा यस क्षेत्रले राष्टिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउन सक्नेछ । वन नीति, २०७१ मा उच्च मूल्यका, संकटापन्न, दुर्लभ तथा लोपोन्मुख प्रजातिका वनस्पति र जडिवुटीको पहिचान, दिगो संकलन, पुनरोत्पादनको सुनिश्चितता, प्रविधि विकास, व्यवसायिकरण र वजारीकरण गर्न समुदाय तथा निजी क्षत्रलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ ।

निजी क्षेत्र-सहकारी-सामुदायिक संगको साझेदारी र सहकार्यमा महत्वपूर्ण गैरकाष्ठ तथा जडिवुटीजन्य स्रोतहरुको दिगो विकास र वजारीकरण जस्ता कार्यमा सहभागि गराई आय आर्जन, रोजगारी तथा गरिवी न्यूनिकरण साथै संवृद्धिमा सघाउ पुऱ्याउने सोचका साथ आर्थिक वर्ष २०६६/६७ वाट वन विभागले सुदूर, मध्य र पश्चिमाञ्चलका पहाडी तथा हिमाली जिल्लामा जडिवुटी विकास कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । कार्यक्रमले वानस्पतिक प्रजातिहरुको परस्थानीय तथा स्वःस्थानीय संरक्षण गरी व्यवसायिक खेति मार्फत आय आर्जन र स्थानिय रोजगारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्य लिएको छ ।

पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ वमोजिम नेपाल सरकार तथा निजी संस्था, समुदाय तथा नागरिकसंगको संयुक्त लगानीमा संचालन हुने परियोजना कार्यान्वयन गर्दा परियोजनाको कुल लागत मध्ये नेपाल सरकारले वढीमा २५ प्रतिशत मात्र लगानी गर्ने र वांकी ७५ प्रतिशत निजी संस्था, सहकारी, समुदाय तथा नागरीकले व्यहोर्ने अवधारणा रहेकोमा यही प्रावधान वमोजिम नै उपरोक्त जिल्लाहरुमा जडिवुटी उद्यम, प्रशोधन प्लान्ट तथा भण्डारण केन्द्र स्थापना तथा संचालन सम्बन्धि कार्यक्रम कार्यन्वयन गर्नका लागि वन विभागले यो कार्यविधि जारी गरेको छ । यो कार्यविधि स्वीकृत भएको मितिबाटै लागु हुने छ ।

## २. कार्यक्रमको उद्देश्यहरुः

सम्भाव्यताको आधारमा जडिवुटी तथा गैह्रकाष्ठजन्य पैदावारहरुको व्यावसायीकरणबाट प्राकृतिक स्रोतको दिगो विकास एवं स्रोत उपयोग गरि गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने यस कार्यक्रमको प्रमुख उदेश्य रहेको छ । यस कार्यक्रमको अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

(क) जिल्लामा उपलब्ध जडिवुटी तथा गैह्रकाष्ठजन्य वस्तु तथा सेवाको उत्पादन, प्रवर्द्धन तथा मूल्य अभिवृद्धि गर्ने,

(ख) जडिवुटी सम्वन्धि उद्योग स्थापना, सञ्चालन र वजारीकरण गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिवी निवारणमा टेवा पुऱ्याउने ।

(ग) निर्यात व्यापारको प्रबर्द्धन गर्ने ।

## ३. जिल्ला स्तरमा कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था :

(क) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप जडिबुटी तथा गैरकाष्ठ उद्यम स्थापना, संचालन र व्यवस्थापनको लागि जिल्ला स्तरमा एक समिति रहने छ ।

(ख) उपदफा( क) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् ।

| | |
|---|---|
| (१) जिल्ला वन अधिकृत | अध्यक्ष |
| (२) अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| (३) प्रमुख / अधिकृत प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय | सदस्य |

(४) प्रमुख/ अधिकृत प्रतिनिधि,जिल्ला कोष नियन्त्रण कार्यालय सदस्य
(५) प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय, सदस्य
(६) अध्यक्ष, जिल्ला/नगर उद्योग वाणिज्य संघ सदस्य
(७) जिल्ला वन अधिकृतले जिल्लामा क्रियाशील रहेका वन तथा वन उद्यम सँग सम्वन्धित वस्तुगत संघ / महासंघ वाट मनोनयन गर्ने आवश्यकतानुसारका प्रतिनिधिहरु सदस्य
(८) जिल्ला वन अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य सचिव

(ग) उप-दफा (ख) बमोजिमको समितिमा आवश्यकता अनुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको सचिवालय जिल्ला वन कार्यालयमा रहनेछ ।

## ४. प्रस्ताव आव्हान गर्ने

गत आर्थिक वर्षमा प्रस्ताव आव्हान भई साझेदार संस्था छनौट भएको र साझेदार संस्थाले जग्गा खरिद लगायतका शुरुवाती निर्माण कार्य प्रारम्भ गरेको अवस्थामा उक्त साझेदार संस्थासंग सहकार्य गरी उद्यम निर्माण कार्य अगाडी वढाउन सकिने छ । साझेदार संस्था छनौट नभएका जिल्लाहरुमा जिल्ला वन अधिकृतको अध्यक्षतामा रहेको समितिले राष्ट्रिय पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी जिल्लाहरुमा कार्यक्रम कार्यान्वयन गर्न गराउनका लागि ईच्छुक निजी क्षेत्रका साझेदार संस्था छनौटका लागि प्रस्ताव आह्वान गर्नु पर्ने छ । प्रस्तावक संस्थाले नाम र ठेगाना, संस्था दर्ता प्रमाणपत्र, संस्थाको मुल्य अभिवृद्धि कर (VAT) दर्ता, आयकर दर्ता प्रमाणपत्र, गैसस वा सहकारिको हकमा संस्थाको स्वीकृत विधान सहित देहाय वमोजिमका कागजात तथा विवरण सहितको व्यवसायिक योजना समितीमा पेश गर्नु पर्ने छ । उक्त योजनामा निम्न कुराहरु समावेश गर्नु पर्ने छ ।

- प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना,
- प्रस्ताव पेश गर्ने संस्थाको गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत,
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन गर्न आवाश्यक भौतिक संरचना, मेशीनरी औजार, कच्चा पदार्थको उपलव्धता सम्वन्धि विवरणहरु,
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको उत्पादन र भण्डारण क्षमता,
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालनका लागि आवाश्यक जग्गा तथा भौतिक संरचनाको नक्सा तथा मेशिन उपकरणहरुको स्पेशिफिकेसन,
- नेपाल सरकार वाट स्वीकृती प्राप्त प्राविधिकले गरेको लागत ईष्टीमेट तथा डिजाईन
- प्रस्तावित गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको विस्तृत विवरण,
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन विधि
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन सम्वन्धि संस्थागत व्यवस्था,
- प्रस्तावित गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन वाट लाभान्वित उपभोक्ताहरु र यसवाट सिर्जना हुने रोजगारी
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन हुंदा नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी,

- लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,
- बीमा सम्बन्धी व्यवस्था,
- प्रस्तावित गैरकाष्ठ वन पैदावारमा आधारित उद्यममा उपयोग हुने जडिवुटी तथा गैह्रकाष्ठ प्रजातीहरुको परिमाण तथा प्राप्त हुने संभावित जिल्लाहरु
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना तथा संचालन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था ।

**५. प्रस्ताव मुल्याकंन**

समिति आफै वा आवश्यकता अनुसारको उपसमिति वनाई प्राप्त व्यवसायिक योजनाहरुको मुल्यांकन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्दछ । प्रस्तावको छनौट गर्दा निम्न वुदांहरुलाई आधार लिन सकिनेछ ।

- कच्चा पदार्थको उपलब्धता
- उत्पादित वस्तु वा सेवाको निर्यात बजार सम्भावना
- ५० प्रतिशत वा सो भन्दा बढि स्थानीय रोजगार हुने
- प्रस्तावकको लगानी प्रतिशत
- प्रतिफल प्राप्त गर्ने समय
- Internal Rate of Return
- लगानीको स्रोत

## ६. विविध :

६.१ समितिले समितिको सचिवालय खर्चका लागि वन उद्यम अनुदान रकमको वढिमा १ प्रतिशत रकम छुटाइ खर्च गर्न सक्ने छ ।

६.२ संचालित कार्यक्रमको प्रभावकारिता र अनुदान रकम सदुपयोगको समिति आँफैले, क्षेत्रीय वन निर्देशनालय तथा वन विभागवाट अनुगमन हुनेछ । यस कार्यविधि वमोजिम गठित समिति तथा उपसमितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने विज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छन ।